# श्रीपाली बम्म सन्तति : एक विवेचना

— पूर्णप्रकाश नेपाल 'यात्री'

## २. मध्यकाल तथा उत्तर मध्यकाल—

### १.१. प्रवेश

नेपालमा मानवशास्त्रको अध्ययन गर्ने निजी प्रवृत्तिमा नृवंशशास्त्रको विशेषस्थान छ। कारण नेपालका जनजाति र जनजातिको वंश शृङ्खला हजारौं वर्षदेखि आफ्नै मनमा पल्लवित हुँदै आएको सत्यता अपरिहार्य छ। त्यसो हुनाले नेपालमा नृवंशशास्त्रको अध्ययन गर्दा विशुद्ध मौलिक दृष्टिकोण र अन्तर्मुखी प्रवृत्ति मात्र स्वस्थकर एवं हितकर हुने सत्यता नकार्न सकिंदैन।

हुन त यो नयाँ प्रवृत्ति नहोला। किनभने प्राचीन साहित्यमा पनि 'आत्मावारे अधीतव्य श्रोतव्यो स्मर्तव्य कीर्तितव्यश्च' जस्ता अमोघ वचनहरू प्रतिपादित छन्। तथापि कालक्रमबशात् यस प्रवृत्तिको पूर्णतः लोप भएको अनुभव गरिन्छ। तत्सम्बन्धमा नेपालीले पनि आफूलाई चिन्न जान्ने इच्छा गरेर अन्तर्राष्ट्रिय लहरमा आत्मसात् बनी आफ्ना विषयमा हेर्न थालेको त्यति धेरै समय भएको छैन। एक प्रकार अझ पनि प्रथम चरणतिरै छौं भन्न सकिन्छ तापनि केही मानवशास्त्रीहरूका लगनशीलताले भए गरेका तत्सम्बन्धी कार्यले प्रवृत्तिको विकासमा निकै सघाउ पुग्दै आएको छ। यो प्रस्तुति पनि त्यस उपक्रमको एउटा क्षीण प्रयास हो।

### १.२ विवर्णिका

नेपाली समाज आफूलाई काश्यपी सृष्टिको मूल आधार मान्दछ। त्यसो हुँदा नेपालमा विद्यमान जनजाति र विभिन्न समुदायहरू काश्यपान्वयी छन् भन्नु समीचीन छ। यद्यपि सन्तानहरू सप्तर्षि प्रधान सूचक नभएर 'पञ्च पंचैव रक्षिता' का सूचक रहेको तथ्य हामीले अन्य पुष्पिकामार्फत्[1] औंल्याएका छौं। यस प्रसंगमा पनि तत्सम्बन्धी छलफल गर्ने चेष्टा भइरहेछ।

पौराणिककालको ब्राह्मीसृष्टिको एक मात्र उत्तराधिकारी काश्यपीसृष्टि प्राचीनकालदेखि पर्वताश्रयिनू आचरण गर्दै आएको थियो र कुनै समयमा यसैले मानसकल्यको संज्ञा समेत पाएको थियो। अर्थात् भगवान् कश्यप मनुले आफ्नो सृष्टि सौरभको नवप्रभात तेस्रो ध्रुवको सन्धिस्थललाई मानेका थिए र तेस्रो ध्रुवको लक्ष्मण बिन्दुदेखि पश्चिम सागरसम्मको भू-भागलाई प्रारम्भिक अवस्थामा मानवबस्ती योग्य मानेका थिए। प्रारम्भमा त्यस भूभागलाई कुशद्वीप भनिन्थ्यो भन्ने तथ्य पनि पूर्वविवर्णिकामार्फत् औंल्याइसकिएको छ। तसर्थ पुनः त्यसतर्फ नलागेर यस दोस्रो चरणबारे यथामति प्रकाश पार्नु वांछनीय हुनेछ।

जुन समाज नेपाल-धरातलमा विकसित रही आएको छ त्यस समाजका बहुतायत प्रकीर्णहरू मध्यएशियाबाट विस्तार भएका सम्बन्धमा पूर्वविवर्णिकामार्फत् स्पष्ट गरिएको छ। यो पनि तत्सम्बन्धी एक योग हो। यसमार्फत् भन्न वा व्यक्त गर्न खोजिएको मूलभूत विषय हो काश्यपीसृष्टिको उत्तराधिकारी समाज नेपालमा विद्यमान छ र त्यही समाजको नाम नेपाली हो। नेपाली एउटा सार्वभौम-

सत्ता सम्पन्न राष्ट्रको जाति भएकोले यसको रचनामा विविधता पाइनु स्वाभाविक मानिन्छ । तसर्थ यत्रो राष्ट्रिय जाति एउटै प्रस्रवण, एउटै समुदाय र एउटै गोत्रमा प्रतिबद्ध छ भन्ने दुस्साहस गरिएको होइन । परन्तु यस मार्फत् खश महासमुदायको एक महत्वपूर्ण अङ्ग श्रीपाली समुदायका सम्बन्धमा मात्र केही नीरक्षीर विवेचना गर्ने प्रयास गरिएको हो । प्रस्तोताको विचारमा पूर्वोक्त अंगमध्ये ज्येष्ठ श्रेष्ठ समाज श्रीपाली समाज हो । त्यसकारण नेपालका सौरभीको विवेचना गर्दा सर्वप्रथम श्रीपाली समाजबारे प्रकाश पारेपछि मात्र अन्य थरी समाजका इयत्ता पहिल्याउन मार्ग प्रशस्त हुनेछ ।

## १.३ श्रीपालीको परिभाषा

उत्तर प्राचीनकालमा अस्तित्वमा आएका अनुमान गरिएका खश जातिका पाँच वटा राज्यहरू यस प्रकार थिए– (१) श्रीपाल (२) सिजा (३) खप्तड (४) कालोकोट र (५) खुलाली । हाम्रो अनुभवमा यी राज्यहरू मध्यकाल-को प्रारम्भसम्म क्रियमाण रहे । यिनै मध्येको श्रीपाल राज्य एउटा हो । यसको स्थिति पूर्वी मानस प्रदेश जस–लाई तिब्बेतेलीहरू आफ्नो भाषामा 'ङरी' भन्दथे गण्डकी-सम्म विस्तारित थियो । यति ठूलो हुनुभन्दा पहिले मानसरोवरदेखि पूर्व सिजा 'मार्से' भन्दा पश्चिम, खप्तड र कालीकोट राज्यभन्दा उत्तर सिरा वा शैलदेशभन्दा पूर्वोत्तर कोणमा थियो । कुनै समय यसको राजधानीलाई पूर्वी ब्रह्मपुर पनि भनिन्थ्यो त्यसबारे खोज हुन बाँकी नै छ । सुवर्णभूमिको राजधानीलाई पनि ब्रह्मपुर भनिने हुँदा सजिलोको लागि पश्चिमी ब्रह्मपुर र पूर्वी ब्रह्मपुर भनिएको हुन सक्छ यो पूर्वी ब्रह्मपुरको अवस्थिति वर्तमान वाजुरा जिल्ला अन्तर्गत कतै पर्दथ्यो होला । श्रीपाल देशको नयाँ नाम ङरी (यारी) रहेको भएपछि यसलाई धवलाद्रि, सिनाम र बज्राङ्ग भनिन थालेको बुझिन्छ । अतएव यसै श्रीपालदेशका अधिशास्ताहरू 'श्रीपाली' कहलाए ।

नेपाली नृवंशशास्त्रमा श्रीपाली समुदाय विशेष सम्मानित रहेको सत्यता नकार्न मिल्दैन । त्यसैले पूर्वोक्त प्रकाश यसमा बोधगम्य हुन सक्छ । बढी जानकारीको लागि पूर्वपुष्पिकामार्फत् गरिएको नीतिगत विवेचना मननीय हुन आउँछ ।[1] अन्ततोगत्वा यस प्रसंगमा उक्त परिभाषित श्रीपालीहरू प्राचीन तथा पूर्व-मध्यकालमा जसरी विकसित रहे त्यससम्बन्धी प्रसंगलाई विश्रान्ति दिएर उत्तर–मध्यकाल यता बढेका श्रीपाली सन्तानहरू के कस्तो अवस्थामा छन् तत्सम्बन्धमा संक्षिप्त विवेचना गर्नु र सर्वान्तिम बम्म थरका श्रीपाली बारेका थोरबहुत प्रकाश पार्नु यसको उद्देश्य रहेको छ ।

## २.१ व्याख्या

अद्यावधि भए गरेका तत्सम्बन्धी खोजीनीतिबाट यस्तो निष्कर्ष प्राप्त हुने सम्भावना छ । जस्तो:– खशगण-को विस्तार 'पंच पंचैत्र रक्षिता' को नीतिगत अवलम्बनमा आधारित रहेको मान्यता विस्तारै छर्लङ्ग हुँदै आएको छ ।[3] त्यसरी नै वर्तमान अवस्थामा समेत यस अवलम्बनमा पूर्णता झल्किरहेकै विश्वास गरिन्छ । तस अनुसार खश जातिका पाँच प्रकीर्णहरू[2] आपसमा अत्यन्त मनोहारी किसिलले मौलाउँदै आएका अनुभव गरिन्छन् । ठीक तिनै पाँच प्रकीर्णमध्ये चर्चित श्रीपाली वंश ज्येष्ठ श्रेष्ठ प्रकीर्ण हो भन्ने उक्ति पुन: दोहऱ्याइँदैछ । सर्वात्मना ज्येष्ठ श्रेष्ठ सन्तति भएकै नाताले मात्र पनि पूर्वोक्त काव्यमयी सृष्टिको सजीव इतिहासको रूपमा मौलाउन पाएको हुन सक्छ । अतएव यस वंशको विस्तार उपक्रम नेपाली समाज, संस्कृतिका नीतिगत मान्यता अनुरुप हुँदै आएको सत्यता मनन गरी निम्न विभाजनको रूपरेखामाथि सर्वप्रथम दृष्टि केन्द्रित रहनु अपेक्षित छ:–

### २.१.१ मष्टको आधारमा भएको विभाजन

खश जातिको अस्मिता मष्टमा आधारित छ । सम्भवत: यस शाश्वत सत्य बुझ्ने विरलै बाँकी होलान् । वस्तुत: यससम्बन्धी विवेचनाको नाभिकीय विन्दु पनि मध्य-काल नै न्यास गरिन्छ । कारण मष्टको प्रादुर्भाव, मष्टप्रति रहेको जातिगत अनन्य विश्वास, मष्ट सम्प्रदायको औचित्य र मष्टको कुलायन प्रवृत्ति आदि वैशिष्टच पूर्व-मध्यकालका रस्मि हुन् भन्ने दिग्दर्शन पूर्वविवर्णिकामार्फत् भएको छ ।[2] त्यसउसले प्रस्तुत प्रसंगमा सर्वान्तिम विभाजनका केही छटामाथि मात्र विवेचना गर्नु कर्तव्य भएको छ ।

महासामुदायिक विभाजनका कारक, सामुदायिक विभाजनका कारक, गोत्र विभाजन, क्षेत्र विभाजनका कारक आदिमाथि परेको सांस्कृतिक छवि 'पंचै पंचव रक्षिता' को गन्तव्य यसमा केही भिन्न देखापरेको छ । यस कारकान्त प्रकारमाथि मनन् अनुशीलन गर्दा त्रिपथ गन्तव्य,[4] चतु:सन, पंचानन, षडानन, सप्ताधार, नवधा, एकादशधा हुँदै द्वादशधा विभाजनहरू चतुषष्ठि कलाका प्रतीक बन्न गएका छन् । यो अनौठो रूढ खश संस्कृतिमा सुरक्षित रही आएको छ। यसरी नै अन्य प्रकारका जाति र संस्कृतिका सांस्कृतिक छविहरू रूढ रहन सकेका छन् छैनन् विचार गर्न सकिन्छ ।

खश जातिको सांस्कृतिक निधि मानिएका 'मष्ट' को विभाजित स्वरूप पनि ब्राह्ममा आधारित पाइएको छ । सम्भवतः आदिकालमा मानवले लोकसंरक्षकको गणना गर्दा बाह्र लोकपालको परिकल्पना गर्‍यो होला । तीनलोक चौध भुवनको परिकल्पना गर्ने मानवको उर्वर मस्तिष्कले यस्तो परिकल्पना गर्नु असम्भव भएन होला । त्यसैले निराकारका प्रतीक मानिएका मष्टहरू प्रारम्भमा बाह्र भाइ थिए भन्ने बुझ्न यस रूढले सहयोग पुर्‍याउँछ ।

बाह्र भाइ मष्टमध्ये ज्येष्ठ श्रेष्ठ मष्टलाई लोकले 'आदिमष्ट' भन्दै आएको छ । यसैलाई अरू भाइका उपासकले 'बडामष्ट' भन्दछन् । बडामष्टको उच्चारण गर्न खोज्दा 'ड' ध्वनि 'र' ध्वनिमा परिणत भई वृद्धि समास भएकोले 'वाराह' हुन गएको अनुमान गरिन्छ । त्यस्तै लोकले अज्ञ त्यतिले चित्त नबुझाएर आदिमष्ट र वाराहमष्ट भनेका त बेग्लाबेग्लै रूप हुन् भन्ने भान पर्दा आदि र वाराह दुवैलाई एक शब्दमा जोडेर 'आदिवाराह' संज्ञा दियो । यसरी एक व्यक्ति अनेक नाम परिभाषा गर्दा 'आदिमष्ट' का अनेक थरी नामको विकास भएको बुझिन्छ । त्यसकारण पूर्वोक्त नामका अतिरिक्त पनि ढडारेमष्ट, ढाडेमष्ट, पीठेमष्ट, धौलेमष्ट, दाह्रेमष्ट आदि लोकनाम परेका छन् र विभिन्न भू-भागमा फैलेर बसेका श्रीपाली सन्ततिहरू उपर्युक्त नाममध्ये कुनै एक नामको मष्टलाई आफ्नो अभीष्ट कुलदेवता मानेर पुज्दछन् । बुझिएसम्म आदिमष्टको पूजा विधान खुला हुँदैन गुप्तागार पूजा हुन्छ ।

वस्तुतः श्रीपालीका आदिमष्टको आराधना एवं उपासनाबाट मष्टको आधारमा भएको विभाजन रोचक छ र यसले सामाजिक तथा सांस्कृतिक विभाजनमाथि सामान्य भेद रहेको अर्थपूर्ण संकेत गर्दछ । यसरी नै पाँच समुदायमा वर्गीकृत रहेका बाह्र भाइ मष्टका सम्बन्धमा विवेचना गर्न सकिन्छ । यिनमा पनि बढी संख्या खुलाल समुदायमा पाइएको छ । अन्ततोगत्वा मष्टको आधारमा विभाजित समाजसम्बन्धी[3] चर्चापछि थरको आधारमा भएको विभाजनमाथि विवेचना गर्नु उचित र प्रासंगित हुनेछ ।

## २.१.२ थरको आधारमा भएको विभाजन

श्रीपाली सन्ततिहरू पनि अरू प्रकारका सन्तति जस्तै विभिन्न थरका रूपमा मौलाएका छन् । प्रायः थरहरू मध्यकालीन राज्य व्यवस्थाका अर्थपूर्ण अंग उपांग साथै सांस्कृतिक ऊर्जास्विताका द्योतक मानिन्छन् । यस सम्बन्धमा विस्तारपूर्वक बुझ्न प्रत्येक थरको व्युत्पत्ति र विवृत्तिबारे अलग अलग विवेचना हुन सके मात्र छर्लङ्ग हुन सक्छ, यस्ता लघु प्रयासद्वारा सम्भव हुँदैन ।

खरेलः– श्रीपाली वंशको बुढचौली थरमा 'खरेल' पर्दछ । सम्भवतः नेपाली समाज संस्कृतिको एवं मानव–शास्त्रको इतिहासमा यो प्रकीर्ण युगबोधक हुन सक्ला । स्वभावतः यस थरको उत्पत्ति खारी प्रदेशका अधिशास्ता–को नाताबाट भएको अनुमान गरिएको छ । प्रसिद्ध भाषाशास्त्री बालकृष्ण पोखरेलको मत पनि यस मान्यतासंग सहमत रहेको छ ।[6] उहाँका अनुसार यस वंशको संप्रभुत्व खश सम्राट् आदित्यमल्लका शेषपछि समाप्त भयो । त्यस समयमा यस वंशमा आन्तरिक विभाजनका रेखा कोरिएका छन् । ती रेखालाई गृहकलहका कारक मानिएको बुझिन्छ । त्यसैले खरेल थरमा दुई भेद पाइन्छन् । तिनमा एकथरी हत्यारा र एकथरी भुँडीफोरा कहिन्छन् । हत्यारा भनेका बन्धु बान्धवमाथि घातक हमला गर्ने र भुँडीफोरा भनेका पोलाहा भन्ने अर्थ लाग्न सक्छ । खरेलमा जस्तै भट्टराईमा पनि सामान्य भेद पाइएको छ । त्यो भेद हो थाक्रे र कसारे । तुलनात्मक अध्ययन मनन गर्दा हत्यारा र भुँडीफोरा अनि थाक्रे र कसारेको अर्थ प्रयोजन एक अर्काका निकट रहने छनक छ । जसअनुसार थाक्रे भनेका रणक्षेत्रबाट पलायन हुने पक्ष र कसारे

भनेका कोलाहातर्फ लागि उत्कच ग्रहण गर्ने पक्ष भन्ने आनिन्छ ।

काशीचल्ल र श्रीचल्लका सन्तानमा श्रीचल्लका सन्तानहरू पहिलेदेखि नै राज्यका सहायक रहेका र काशीचल्लका सन्तानहरू साम्राज्यको गद्दीका सत्तारूढ हुकदार रहेका थिए । काशीचल्लका सातौं पुस्तामा आदित्यमल्ल र रिपुमल्ल दुवै प्रभावशाली व्यक्तित्व थिए भन्ने विश्वास उनीहरूका कीर्तिशेषबाट बुझिन्छ । वंशावलीबाट विदित हुन्छ यी दुई समकालीन व्यक्तित्वहरू दुवै पराक्रमी थिए र दुवैका तेस्रो पुस्ता जन्मिसकेका थिए । जसअनुसार आदित्यमल्लका नातिको नाम प्रतापमल्ल थियो भने रिपुमल्लका नातिको नाम मोतीमल्ल थियो ।[1]

आदित्यमल्ल गद्दीनसीन छँदै उनका छोरा युवराज कल्याणमल्लको निधन भयो । बूढा राजा आदित्य नाति प्रतापमल्लको मुख हेरेर धैर्य धारणा गरी बसे । दैवयोगले नाति प्रतापमल्लको पनि असामयिक निधन भयो । बूढा राजा आदित्य नातिने ज्वाइँ पुण्यमल्ल (गेलाल) लाई खश साम्राज्यका गद्दीका हकदार बनाउन विवश बने । यो विवशता थियो वा स्वेच्छा थियो यही कुरा रहस्यमय बनेको छ ।

प्रतापमल्ल भिक्षुभेष धारण गरी गएकाले खाली भएको गद्दीमा गेलाल पुण्यमल्ल बसे भन्ने केही इतिहासकारको मत पाइन्छ । परन्तु दैलेख जिल्लाको डंसुर ग्रामस्थित 'प्रताप स्मृति' नामक स्मारिकासँगै रहेको अभिलेखले त्यस मतको खण्डन गर्दछ । सो अभिलेख अनुसार प्रतापमल्लको असामयिक र दुःखद निधन भएको कारणले बूढाराजा आदित्य विक्षिप्त बने । त्यस्तै अवस्थामा पनि अश्रुविद्ध नयनसंग कुलान्त शरीर लिएर त्यस स्मारिकाको प्रतिष्ठा गर्न राजा त्यहाँ पुगेको प्रसंग त्यस अभिलेखमा अङ्कित छ ।[7] लाक्षणिक अर्थमा पृथ्वीमल्लको स्तम्भलेखको आशय पनि यस्तै बुझिन्छ— 'स स्वयं नागराजस्य नैवाशेष यदन्वयम्' भिक्षुभेष धारण गर्दैमा सन्तानहीन भन्ने अर्थ लाग्न सक्तैन र बलपूर्वक त्यस्तै अर्थ लगाइहाले तापनि सर्वमान्य हुँदैन । त्यसकारण लोकमत र बहुमत दुवै प्रतापमल्लको निधन भएकैतर्फ लाग्न सक्छ ।

अब रिपुमल्लको स्थिति बुझ्ने प्रयास गरिन्छ । आदित्यमल्ल र रिपुमल्ल दुवै साइनाका दाजुभाइ पर्दथे; यी दुवै सम्राट अशोकचल्लका नाति हुन् । जितारिमल्लकै पालामा खश साम्राज्यको जग हल्लिन थालेको थियो भन्ने बुझिन्छ ।[8] यसको टड्कारो उदाहरण 'सिरमौर' विद्रोह भएको छ । यद्यपि जितारिमल्लले साम्राज्य लिप्साको अगाडि सानातिना आन्तरिक विरोधलाई महत्व दिएका थिएनन् भन्ने सोच्न सिरमौर विद्रोह र काठमाडौंमाथिको आक्रमणको समय करीब नगीच–नगीच भएको उदाहरणले सहयोग गर्दछ । काठमाडौंमाथि चढाइ गरी पशुपतिको दर्शन गर्ने खश राजाहरूमा जितारिमल्ल, आदित्यमल्ल, रिपुमल्ल, पुण्यमल्लको नाम उल्लेख छ ।[9] यी राजाहरू सबै शौर्य र वीर्यले परिपूर्ण र प्रतापी थिए भन्ने आभास मिल्दछ ।[10] यी सबै प्रमाण परिमेयको परिशीलनबाट बुझिन्छ जितारिमल्लका साख्य भतिजा र जालन्धरीमल्लका छोरा रिपुमल्ल पनि कम प्रभावशाली थिएनन् । साथै उनी पनि महाराजाधिराज पदवी धारण गर्न सफल थिए ।[11] यद्यपि यस सम्बन्धमा बहुतायत प्रसंगहरू मननीय हुन आउँछन् । तसर्थ विविध पक्षमा राम्ररी नकेलाइकन यथार्थ के हो त्यो भन्न गाह्रो पर्दछ ।

लुम्बिनीस्थित स्तम्भलेखको अध्ययनबाट रिपुमल्लको व्यक्तित्वबारे अरू खुल्दछ । साथै रिपुमल्लका छोरा संग्राममल्लका सम्बन्धमा समेत नवउन्मेष पाइन्छ । त्यस पछि सूर्यमल्ल, मोतीमल्ल आदि पनि स्मरणीय हुन आउँछन् । अब यहाँनिर विचार गर्न सकिन्छ जितारिमल्लको अपुताली पर्ने छाँट देखिए तापनि उनैका सहोदर भाइ जालन्धरीमल्ल (जसलाई आनन्दमल्ल पनि भनिएको छ ।[12]) का रिपुमल्ल छोरा र संग्राममल्ल लगायतका अनेक छोरा र नाति छँदाछँदै आदित्यमल्लको किन विगोलीलाई उत्तराधिकारी बनाए ? इतिहासका विद्यार्थीका लागि यो निकै जटिल प्रश्नसँगै प्रबल जिज्ञासा हुन सक्छ ।

आदित्यमल्लले पुण्यमल्ललाई उत्तराधिकारी चयन गर्नमा स्वेच्छा थियो वा विवशता थियो तत्सम्बन्धमा पनि विवेचना गर्नु उचित छ । यस सम्बन्धमा श्रीपाल वंशको अपुताली पर्ने निश्चय बुझेकाले आदित्यमल्लले

ज्वाइँ पुण्यमल्ल पाललाई विवशतावश उत्तराधिकारी चुन्ने भन्ने मतको खण्डन हुन आएको छ। खण्डनका दुई प्रवाह छन्— १. श्रीपाल वंशको अपुताली परेको थिएन; त्यसको पुष्टि श्रीपाली वंशावली, रिपुमल्लको अभिलेख,[13] सूर्यमल्लको पूर्वोक्त अभिलेख,[1] मोतीमल्ल संग्राममल्ल आदिका अस्तित्वले गर्दछ। २. आदित्यमल्लद्वारा प्रसारित पाँचाला ठाटीकाधको जग्गासम्बन्धी शाके १२४३ को ताम्रपत्रको अन्तमा उत्कीर्ण 'आ' र 'पु' अङ्कित चिह्न अनुसार आदित्यमल्ल र पुण्यमल्लको पहिलेदेखि नै भित्री साँठगाँठ थियो। प्रकटमा आदित्यमल्ल रिपुमल्लको हुँदो मान्दथे तापनि भित्र-भित्रै भाइ बन्धु मासेर राज्याधिकार छोरी ज्वाइँतर्फ जाओस् भन्ने पक्षमा थिए।

आदित्यमल्लकालीन साम्राज्यको शासन दुल्लुबाट हुन्थ्यो भन्ने प्रमाणको पुष्टि हुँदै आएको छ।[13] त्यसो हुँदा सिजामा तत्काल प्रान्तीय शासक नियुक्त भएको हुनुपर्छ। किनभने बढ्दो साम्राज्यको संरक्षणका लागि स्थानमा प्रान्तीय शासकहरू राखिनु अपेक्षित थियो र त्यस प्रान्तीय शासकमा अक्सर राजकुमार, रावत र कार्कीहरू नियुक्त हुन्थे भन्ने झलक जितारिमल्ल गद्दीनसीन छँदैमा अक्षयमल्लको प्रभुत्व देखापरेको घटनाबाट मिल्दछ। यति मात्र हैन पूर्वावस्थामा क्राधिचल्लको शासन छँदैमा छोरा क्राचल्ल र नाति अशोकचल्लको प्रभुत्व थियो भन्ने संकेत पाइनु अनि अशोकचल्ल जीवित छँदैमा छोरा जितारिमल्लको र नाति अक्षयमल्लको शासन चल्नु, प्रभुत्व देखिनु आदि दृष्टान्तहरू ताजा छन्।[14] अन्ततोगत्वा यस्तै विवेचनाको आधारबाट मनन गर्न सकिन्छ कि ग्रीष्मकालीन राजधानी सिजा र शीतकालीन राजधानी सुर्खेत थिए। दुल्लू समशितोष्ण जलवायु भएकोले सदाकालका लागि उपयुक्त मानिनु सर्वथा उपयुक्त नै थियो।

दुल्लूस्थित साम्राज्यको गद्दीमा आदित्यमल्ल शासनारुढ छँदा सुर्खेतमा आनन्दमल्ल (जालन्धरीमल्ल) र सिजामा रिपुमल्ल शासनारुढ हुनुपर्छ। सुर्खेतमा आनन्दमल्लको अभिलेख र सिजामा रिपुमल्लको अभिलेख पाइएकोले यो अनुमान सत्यताका निकट पुग्ने सम्भावना छ। शाके १२४४ को आनन्दमल्लको अभिलेखसँगै सुर्खेतको अथाह भग्नावशेष धराशार्या रहेको छ। चौघानपाटा, मंगलगढी, काक्रेविहार, गोठीकाणा आदि भग्नावशेषहरूको अध्ययनबाट अनुभव गर्न सकिन्छ यो भग्नावशेष बाह्य आक्रमणको निशाना हो, दैवी विप्लवको निशाना होइन। त्यस्तै शाके १२६० अनुमान गरिएको सिजा–लामाथाडा भग्नावशेषस्थित जरुवा ढुङ्गामा उत्कीर्ण रिपुमल्लका अभिलेख र त्यस अथाह भग्नावशेषले पनि सिजाको प्रान्तीय शासकमा रिपुमल्ल थिए भन्ने अनुमानको पुष्टि हुन्छ। साथै लगभग ६ किलोमिटर जति क्षेत्रमा फैलिएको मृत–शहरको स्मारिकाले स्पष्ट गर्दछ। साथै अध्येतालाई यो पनि प्रतीत हुनेछ कि यो भग्नावशेष पनि कुनै आक्रमणको शिकार भएको हो।

अन्ततोगत्वा इत्यादि मन्थनले के सिद्ध गर्दछ भने गद्दीका हकदार श्रीपालीहरूलाई परास्त गरेर अथवा मासेर गद्दी हत्याउने सल्लाह भित्री रूपबाट आदित्यमल्लले पुण्यमल्ललाई दिएका थिए त्यसो हुँदा शाके १२४३–४४ उप्रान्त शाके १२६० का बीचको अवधिमा आदित्यमल्ल र रिपुमल्लका बीचमा वैमनस्य उब्जेकोले पुण्यमल्लको शक्तिले रिपुमल्लका सन्तान मासेको हुनुपर्छ। त्यसै दुर्दैवी घटनाले गर्दा पूर्वोक्त थरमा त्यस प्रकारका विभेद् खडा भएको अनुभव गरिन्छ।

कार्की:– यो थर मध्यकालीन राज्यव्यवस्थाको पाँचौं संवैधानिक अङ्ग मानिन्थ्यो। यसभन्दा माथिका पदहरू यस्ता थिए– कुमार, अधिकारी, सामन्त र अडै। अडैपछिको अधीकरण प्रमुख पद कार्की थियो। त्यसैले गर्दा मध्यकालीन अभिलेखहरूमा व्यक्त राजकीय प्रशस्तीहरू यस प्रकार पढिन्छन्:– 'स्वस्तिश्री —थर्पुका अधिकारी, सामन्त, अडै, कार्की, रावत, खड्काह, श्रीमन्त, उमराव, थापा, महरा, रोक्काय, बोहरा संभुप्रति सुनान्।। राइका भाष।।' यस्ता प्रशस्ती र अध्यादेशको मननबाट बोध हुन आउँछ कुनै थर्पुका सर्वेसर्वा पदाधिकारीमा कार्की नियुक्ति हुन्थे र कार्की पदको नियुक्ति परम भट्टारक महाराजाधिराज बाट मात्र हुन्थ्यो अनि त्यस प्रकारका नियुक्तिका अवसरमा कुमार, अधिकारी, सामन्त र अडैहरू रोहवरमा राखिन्थे। अरू अरू थर्पुकाह कार्की र राज्यभरका रावत, खड्का, श्रीमन्त, थापा, बोहरा महरा आदिलाई नयाँ शासक नियुक्तिको औपचारिक नियुक्तिको जानकारी गराइन्थ्यो। कट्टेल र मिश्र थर पेशागत बुझिन्छन्।

कार्कीहरू पनि अरू केही थर जस्तै पाँच प्रकारका पाइएका छन् । जस्तो:– श्रीपाली, सुतार, खुलाल, मुडुला र जूगाडी । तिनमध्ये श्रीपाली कार्की अरूभन्दा पुरानो हो भन्ने कुरा प्रमाणित हुन आएको छ । परन्तु श्रीपाली कार्कीको पर्यायमा मौलाएका ठानिएका जूगाडी र लामा कार्कीहरू गोत्रद्वारा भिन्न भएका छन् । श्रीपाली कार्कीले आत्मपरिचय दिंदा 'ल.माकार्की' भन्नमा कुनै ऐतिहासिक कारण हुन सक्छ । यस कारणको खोजीनीति हुन सकेमा नेपाली संस्कृतिमा नवोन्मेष मिल्दो हो । यद्यपि गोत्र सहित अरू आधार भने श्रीपाली मूलमा जस्तो हुनु पर्दथ्यो तद्वत् नै देखिन्छ ।

शाके १००५ मा जूगाडा राज्यको कार्की पदमा नियुक्त पाएका श्रीपाली पण्डित जसुपाध्या थरै कार्कीमा परिणत भएपछि के कति कारणले हो पाराशर गोत्र त्यागी काश्यप गोत्र ग्रहण गरे । सांस्कृतिक दृष्टिले यो घटना पनि अन्वेषणीय हुनसक्छ ।

रावत वा राउल, राउत:– यो थर वर्तमान राज खलकका चौतरीया अथवा साहेबज्यू जस्तै बुझिन्छ । यस अनुमानको आधार भाषाशास्त्र हो । भाषाशास्त्री जयशंकर जोशीले यस शब्दको व्युत्पत्तिमूलक व्याख्या गर्दा यही कुरा दर्शाउनु भएको छ ।[15] यस थरको अस्तित्व पनि पूर्वोक्त पाँचै समुदायमा रहेको छ ।

खड्का:– (खड्गबाहक—खड्गाह) मध्यकालीन राज्यव्यवस्थाका सैनिक सङ्गठनको तालिका यस प्रकार थियो– कुमार, अडै, कार्की, उमराव, खडका, महरा, थापा र दोहरा । अधिकार प्रत्यायोजन–क्रममा मनन गर्दा प्रधान सेनापतिको पद राजकुमारमा निहित रहन्थ्यो । कुनै कुनै राजाका पालामा वा राजा बढी उदार भएमा त्यो अधिकार अधिकारी वा अमात्यमा पनि जान्थ्यो । यसको पुष्टि सम्राट् पृथ्वीमल्लका महामात्य यशोब्रह्म छ्यालको सम्मानित मर्यादा बोधबाट गर्न सकिन्छ । जग्गा जग्गामा पाइएका यशोब्रह्मका अभिलेखहरूले यस कुराको साक्ष्य प्रस्तुत गरेका छन् । अन्ततः नियाल्दै जाँदा खँड्काको तात्पर्य गुल्मपति वा शस्त्रागारको प्रमुख पद थियो भन्ने जनिन्छ ।

बस्नेत:– श्रीपाली मूलका जूगाडी कार्कीले जस्तै बस्नेत र खड्काले समेत गोत्र परिवर्तन गरेको देखियो । प्रस्रवणको हिसाबले प्रायः श्रीपालीहरू पाराशर्य र वाशिष्ठमा समेटिन्छन् । तर के कति कारणले हो श्रीपाली बस्नेतहरूले भारद्वाज गोत्र चलाएको पाइन्छ । त्यस्तै श्रीपाली खड्काहरू जो अचेल आफूलाई 'पँवारखडका' भनेर चिनाउँछन् पनि कपिल गोत्र र पञ्चप्रवरान्त बताउँछन् । श्रीपाली खँडकाले जस्तो गोत्र फेरेको चाहिं देखिएको छैन तथापि वंशमा भने श्रीपाली बिष्ट पनि 'पँवारबिष्ट' भन्न लागेका छन् । गोत्र र मष्ट तथा श्रीपाली इष्ट देवीमा भने अन्तर देखन पाइएको छैन । यिनै बिष्टमध्ये केहीले अचेल 'धाडा-कोटेबिष्ट' पनि भन्न थालेका छन् ।

बस्नेत पद मध्यकालीन राज्यव्यवस्थामा दरबारसम्बन्धी मुद्दा मामिला हेर्ने र तदनकूल निर्णय पाउने पद थियो बुझिन्छ । वश् धातुको आत्मनेपदी लट् लकारमा हुने प्रथम पुरुषको बहुवचन 'वसन्ते' को वर्ण व्यत्यय भई 'बस्नेत' हुन आएको अनुमान गरिन्छ । निष्कर्षको निम्ति उपयुक्त अनुशीलन हुनु आवश्यक देखिन्छ ।

बिष्ट:– बिष्ट शब्द पनि कार्की जस्तो प्रशासकीय पद थियो भन्ने बुझिन्छ । विषयपति (प्रमुख जिल्ला अधिकारी) जनाउने पद 'बिष्टप' वा 'बिष्टपा' को घर्षित रूप हुन सम्भव छ । बिष्टपाको लौकिक अर्थ 'लोकनायक' बनिन्छ ।

श्रीमन्त वा श्रृणोत मध्यकालीन राज्यव्यवस्थाको धार्मिक अधिकरण प्रमुखलाई 'श्रीमन्त, श्रृणोत वा महन्त' भनिन्थ्यो भन्ने आभास प्रदत्त अधिकारका प्रयोजनको व्याख्याद्वारा मिल्दछ । कालान्तरमा यी तीनवटै रूपहरू लोकव्यवहारमा रहेका पाइन्छन् । परन्तु श्रीमन्तहरू अचेल 'महत' बोलिन्छन् र कतै कुनै धार्मिक पीठसंग सम्बन्धित रहेका देखिएको छैन । तर 'महन्त'को प्रयोजन भने पूर्ववत् कायम रहेको अनुभव गर्न नसकिने होइन तापनि कतै कतैको समाजमा सन्यासी गृहस्थलाई समेत महन्त सम्बोधन गरेको पाइएकोले यसो भन्नु पनि धर्मरै छ । श्रृणोतहरू आफूलाई ठकुरी ठान्दछन् र

भारद्वाज गोत्र चलाउँछन् ।

राज्यव्यवस्थाको धर्माधीकरणसंग सम्बद्ध महत, श्रृणोत र महन्त जस्तै अर्को थर छ 'महरा' केही समाजशास्त्रीका मतमा 'मलहोत्रा' को विकृत रूप महरा हो भन्ने रहे तापनि यो मत सर्वमान्य हुनु सम्भव देखिँदैन । किनभने 'मलहोत्रा' नेपाली निजस्वका निकट होइन पञ्जाबी निजस्वका निकट रहेको बुझिन्छ । परन्तु महरा विशुद्ध नेपाली निजस्व हो । प्रारम्भमा महराहरू राज्यव्यवस्थाको पशुधनमा लाग्ने 'त्रिकर' का नियन्त्रक प्रमुख पदाधिकारी मानिन्थे । कालान्तरमा बहुधा समाजमा महराहरू 'महरा' नै बोलिन्छन् र छेत्रीमा गनिन्छन् । कुनै कुनै समाजका विधिवेत्ताहरू चलन व्यवहारले 'मगर' बोलिन्छन् । तसर्थ त्यस्तो परिवर्तन कुन शताब्दीमा भएको थियो सो खोजीको विषय भएको छ ।

श्रीपाली बोहरा, श्रीपाली साउँद, श्रीपाली रोकाया, श्रीपाली थापा, श्रीपाली राउत, श्रीपाली बूढाथोकी, श्रीपाली बम्म, श्रीपाली चलाउने, श्रीपाली अहिर, श्रीपाली ऐरा (शिकारी वा शहकारी) बहुधा अद्यावधि यथावत् छन् तथापि थापा र बूढाथोकीमा विकल्पले दुई रूप चलेको पाइन्छ । जस्तो थापाको एक बलो आफूलाई 'सुयल थापा' भन्दछ भने एक बलो 'घर्ती थापा' भन्दछ । त्यस्तै बूढाथोकीमा पनि एक थरी बूढाथोकी, एक थरी 'बूढा' मात्र, एक थरी बखेती र एक थरी 'माझी' लेख्दछन् । अरू कुरा यथावत् देखिन्छ । कट्टी गाउँका बिर्तावार कट्टेल कहिन्छन् ।

## २.२ परिवर्तनका केही सामान्य कारणहरू

बम्म बाहेक अरू थरका व्युत्पत्ति र विग्रहबारे केही गवेषण गर्ने काम भयो । बम्म थरको व्युत्पत्ति गर्न बाँकी छ । एक क्षण त्यो कार्य बाँकी नै रहोस् । त्यसलाई यथाप्रसंग गवेषण गर्ने प्रण गर्दै पूर्वोक्त विभाजनका सामान्य कारणबारे प्रकाश पार्ने प्रयास गर्नु कर्तव्य भएको छ । पूर्वोक्त गवेषणद्वारा बोध हुन आयो श्रीपालीहरूमा कसैमा आमूल औ कसैमा अंशत: परिवर्तन भएको दिग्दर्शन हुन्छ । कसैको थर फेरिनु, कसैको गोत्र फेरिनु, कसैको वंश फेरिनु औ कसैको जातै फेरिनु र कसैको प्रस्रवण क्षेत्र नै फेरिनु जस्ता घटना किन घटे होलान् ! यो बडो चाखको विषय भएको छ । घोरिँदै जाँदा यी सबै घटनाहरू करीबमा घटे होलान् भन्न गाह्रो भएको छ । किनभने प्राचीन श्रीपाल राजधानीको संरचना कुन शताब्दीताक भएको होला ठीक ठीक बताउन कठिन छ । कठिन नहोस सही तथ्य पत्ता लगाउन निश्चय नै दुरुह छ । यद्यपि श्रीपाल राजधानीको धराशायी खण्डोहरको सिंहावलोकन एवं अध्ययन मननबाट यस्तो अनुमान गरिएको छ । सम्भवत: यस राज्यको स्थापना अग्निपूजक खशगणका उन्नायकहरूले लगभग विक्रमीय पाँचौं शताब्दीका प्रारम्भतिर गरेको हुनुपर्छ जो पछिका सूर्यपूजक उन्नायक भनौं यस प्रसंगका विवेच्य वंश शिरोमणि नागराजले आफ्ना कार्यकालमा सुसम्पन्न गराएर सभ्य नगरको रूप दिए । यारी र खारीस्थित अथाह भग्नावशेषले यस्तै सूचित गर्दछन् ।

अन्ततोगत्वा लगभग पन्ध्र सोन्ह सय वर्षको अन्तरालमा यस भू-खण्डमा कैयौं युगान्तकारी परिवर्तन भए । कति दुर्दमनीय शक्ति उदाए र अस्ताए । कतिपयको त इतिहास लोप भयो होला । त्यसकारण देखिनआएका पूर्वोक्त परिवर्तनका साना ठूला कारणहरू आश्चर्यप्रद नहोलान् भन्ने हाम्रो धारणा रहेको छ ।

वस्तुत: पूर्वोक्त परिवर्तनमध्ये 'खरेल' थरको धारणामा प्रस्रवणकै परिवर्तन दृष्टिगत भएकोले तत्सम्बन्धमा केही प्रकाश पार्नु लाभदायक हुनेछ । खशजातिका यायावर्य प्रक्रिया अन्तर्गत सर्वान्तिम नभए पनि पूर्वमध्यकालका करीवमा भएको गण विभाजनको प्रकार दुई थियो– १. पूर्वाञ्चलीय र २. कूर्माञ्चलीय । यी दुइवटा विभाजनले सभ्यता र संस्कृतिको विकासमा वर्णनातीत योगदान पुऱ्याएका छन् र मानव सभ्यताका प्रकारान्तरका बारेमा समेत अभूतपूर्व कीर्तिमान कायम गरेका छन् भन्ने आत्मविश्वास जागृत हुँदैछ । यस विभाजनभन्दा पूर्वको एकरसतामाथि यस विभाजनले जे जस्तो विविधता प्रदान गरेको छ त्यो नितराम

विवेचनीय हुनसक्छ ।[5] तथापि तत्काल त्यता नलागौं र केवल संकेत मात्र गरौं कि चित्राल र जालन्धरको प्रवेशपछि खश जातिलाई बढ्दो संख्याको अनुपातमा पर्याप्त भू–मण्डलको खाँचो पर्न आयो । त्यस खाँचो पूरा गर्न दुई राज्यको परिकल्पना गरियो । जो देवभूमि र दानवभूमि जस्ता नभए पनि समानधर्मीका निर्वाहका खातिर पनि दुई राज्यको परिकल्पना गर्नै पर्‍यो; गरियो । ती दुई राज्यको नाम राखियो पूर्वदेश अथवा पूर्वाञ्चल र कूर्मदेश अथवा कूर्माञ्चल । देश र अञ्चल समकालीन हुन् भन्न जति कठिन पर्ने अनुमान गरिन्छ त्यस्तै ती दुई शब्द यति अगि–पछिका व्यवहारका हुन् भनेर किट्ने झन् कठिन पर्दछ । यद्यपि भाषिक दृष्टिले यसो भन्न मिल्दछ यी दुवै शब्द आयात गरिएका वा बाहिरागत होइनन्, देशज हुन् ।

बस्तुत: संस्कृत शब्द 'देश' र अञ्चललाई देशज शब्द मात्र भाषिक दृष्टिले अपभ्रंशकालभन्दा पूर्व जानु पर्ने हुन्छ । स्वभावत: व्यक्त गर्न चाहेको मत पनि त्यही हो । मानक स्थिरताको लक्ष्मणरेखा एउटै दीर्घमा पर्न जान्छ – भाषिक घटना अपभ्रंशकाल र राजनीतिक घटना प्राचीनकाल तथा मध्यकालको अन्तर । यो युगान्तर जातीय उद्‌गम तथा विस्तारको इतिहाससंग पनि मिल्न आउँछ । त्यसो हुँदा खारी प्रदेशमा प्रद्योतवंशी पुरुषहरू आएर सत्ता सह्माल्दाको आधिकारिक घटना विरेचन प्राचीनकालको अन्तिम चरणतिर मानिएको छ र यो पनि सर्वमान्य भएको छ कि खारी प्रदेश पूर्वदेशमा पर्दथ्यो ।[6] त्यसहिसाबले प्राचीनकालको अन्तिम चरणतिर खारी प्रदेशमा शासनारुढ हुन पुगेका प्रद्योतवंशीहरू स्वत: पूर्वदेशका अर्थात् पूर्वाञ्चलीय मूलका मानिन्छन् र उनीहरू बशिष्ट गोत्र तीन प्रवर चलाउँछन् । तुल्य बलाबलमा त्यसै कालका कूर्माञ्चलीय मूलका बशिष्ट गोत्रीहरू पाँच प्रबर चलाउँछन् । वश्, यस आधारबाट खरेलहरू पूर्वीया हुन् भन्ने बुझिन्छ । तर बुझेसम्म खरेलहरू आफूलाई 'कुमाई' ठानी पहिलेदेखि कुमाईसंगै बिहाबरी गर्दै आएका छन् । जो अनुसन्धेय छ ।

## २.३ श्रीपाली बम्म सन्तति

पूर्वोक्त व्याख्या एवं विवेचनामार्फत् बोध हुन आयो श्रीपाली समुदायमा खरेल, भट्टराई, भट्ट, चालिसे, खराल, कराल, दुवाडी, कार्की, रावत वा राउत रावल, खड्का, महरा, बोहरा, महत, थापा, बिष्ट, खाती, महन्त, बम्म, शृणोत, बस्नेत, बूढा र बूढाथोकी आदि पर्दछन् । साथै यस समुदायको बसोबास नेपाल अधिराज्यका विभिन्न भू-भाग सहित नेपाल बाहिरका नेपाली बसेका मुलुकहरूमा समेत उत्तिकै फैलिएका छन् । तसर्थ श्रीपाली समुदायका अध्ययन विवृत्तिको परिपूर्णताको दृष्टिले उक्त सबै थरको उत्पत्ति र बिस्तारबारे जानकारी प्राप्त गर्नु लाभदायक हुने हो । यो अपरिहार्य सत्य हो भन्ने जान्दाजान्दै पनि समयाभावले नै मानियोस् सही यस प्रसंगमा बम्म सन्ततिकै बारेमा मात्रै विवेचना गरिदैछ ।

वर्तमान अवस्थामा श्रीपाली बम्मका कथा र व्यथा आफ्नै प्रकारका छन् भन्ने अनुभव गरिन्छ । यस वंशले विगतमा सुखका चरमोत्कर्ष र उन्नतिका दीपशिखा भोगेको छ भने अवनतिको दारुण विपत्ति र दु:खका पराकाष्ठा भोगेको इतिहासमाथि पनि सद्यतन दृष्टि पर्दछन् । ती सुख–दु:ख र उन्नति अवनतिका ध्रुवीकरणमाथि विहंगावलोकन गर्दै वंशावलीले सभ्यताका विभिन्न मोडमाथि प्रकाश पार्न गरेको योगदान स्तुत्य हुनसक्छ । तथापि विक्रमको नवौं शताब्दी पूर्वका कथा र व्यथाहरू एक समुदाय वा एक जातिका मात्र पेवा थिए भन्न मिल्दैन, नितराम विश्वका बहुधा क्षेत्रमा फैलिन पुगेका खशादि सहधर्मी जातिका साझा सम्पदाका रूपमा स्वागत गरिन्छन् । त्यसउसले नवौं शताब्दी पूर्वका कथा र व्यथाबारे क्षणिक अनुमानमात्र लगाउन सकिन्छ । परन्तु श्रीपालमा सम्राट् नागराजको उदय भएपछिका घटनाहरू भने प्राय: इतिहास सम्मत भएकाले सार संक्षेपमा भएपनि नीरक्षीर विवेचना गर्न सकिन्छ–

श्रीपालीको वंशावली र सम्राट् नागराजको उदय एवं कर्णाली प्रदेशमा खश साम्राज्यको जग बसेपछि यो प्रभुसत्ता कायम रहँदासम्मको अवधिलाई यस वंशको निम्ति सुखको चरमोत्कर्ष मान्न सकिन्छ । परन्तु जब विक्रमीय चौधौं शताब्दीको अन्ततिर यस वंशको प्रभुत्व पतनोन्मुख अवस्थामा पुग्यो तवदेखि भने

यस वंशले सत्तारुढ पक्षबाट बराबर ताडना, भर्त्सना, उपेक्षा, प्रपीडन र वंचन जस्ता दारुण विपत्तिहरू भोग्नु परेको बुझिन्छ । यस्तो अनुभव गर्न अवसर प्रदान गर्नमा यस्तै प्राप्तिहरू सहायक हुन आउँछन् । जस्तो यस वंशको ज्येष्ठता 'खरेल' थरमा आश्रित एक भ्रान्त धारणा मनाक मननीय हुन आउँछ साथै जो सर्वथा विवेच्य महसूस हुन्छ ।[13]

खरेलहरूमा पूर्वोक्त विभाजनले दुई फ्याक लगाए-पछि श्रीपाली नामधारीहरूमा भयंकर ठूलो विपत्तिको बादल मडराएको अनुभव गरिन्छ । जस्तो बीचमा कसैले आफूलाई श्रीपाली दाबी गर्ने खरेलहरू आफूलाई 'कुमाई' भन्न विवश बने भने बम्म वा वर्माहरू राज-खलक दावी गर्न नपाउने गरी 'खाती' हुन मञ्जुर गरे । राजखलक वा ठकुरी प्रजातिसंग सोलीडाली गर्न नपाइने, कुनै खातीले फ्लेर, झुक्याएर वा बलपूर्वक ठकुरीकी मैया लिएको खण्डमा अरूलेभन्दा डबल चाक-चकुई 'शाही खत' बुझाउनु पर्ने अनि कतिपयले भयभीत भएर गोत्र त्याग्ने, आस्पद त्याग्ने, अस्मिता त्यागी दिनुपर्ने जस्ता ह्रासोन्मुखी प्रक्रियाहरू घट्न गएको बुझिन्छ ।[1]

पन्ध्रौं शताब्दीपछि कतिपय थरहरू परिवर्तित भएका र कतिपय थरहरू यत्रतत्र बसाइ सरेकाले आपसमा जो जस्तो बित्यो त्यो भिन्न रूपमा विवेचनीय हुन जाला । यद्यपि बम्महरू भने पूर्वोक्त विवेचना अनुसार तत्तत् स्थानमा नै रजावली मर्यादादेखि च्युत गराइएका घटनासंग परिचित हुन पुगिएको छ। जस अनुसार संवत् १९९५-९६ सालतिर यिनीहरूले राणा-शासकमार्फत श्री ५ को सरकार समक्ष पहिले आफूमाथि घटेको घटना सारांशमा जाहेर गरी प्रायश्चित गराई मागेको र तत्कालीन सरकार प्रमुखका हुकुमले पुनः ठकुरी व्यवहारमा सामेल भएको बुझिन्छ ।[11]

पूर्वोक्त घटनापछि वर्तमान अवस्थामा श्रीपाली 'बम्म' हरूको स्थान पूर्णरूपेण ठकुरी समाजसंग सरीवरी रहेको देखिन्छ । बस्नेतहरू दोहोरो व्यबहार गर्न सफल छन् । यसो भन्नुको मतलब हो बस्नेतहरू ताक मिलेको खण्डमा ठकुरी समाजसंग पनि विहाबरी लिनदिन गरेका छन् र अरू झर्रा क्षत्रीयहरूसंग पनि पूर्ववत् विहाबरी साइनु सनहे राखी आएकै छन् । अरू थरको थिति-रीति यथावत् छ ।

## २.४ बम्म : पुस्तावली

कुशावर्तदेखि पूर्व बढेका खश सन्ततिमध्येका वाशिष्ठ, पाराशर एवं काश्यप र पारद्वत गोत्रीहरू भित्रका श्रीपाली सन्तानहरूमा उपलब्ध नामावलीको आधारमा निम्न संख्या पुग्दछ-

[ स्रोत- रजवार लालबहादुर बम्मका अनुसार ]

आदिकाल- १. महर्षि कश्यपदेखि प्रद्योतसम्म २१ पुस्ता (दानसिंह स्रोत)

प्राचीनकाल- २. प्रद्योतानुवंश- १. सगर २. अंशुमान ३. प्रतिमन ४. सत्यवान ५. सत्वायु ६. प्रद्योत ७. प्रतीम ८. फति ९. ताउ १०. तोमर ११. मिहिर १२. दुरुह १३. कुलान्तक १४. तोर-मान १५. प्रतिञ्जा १६. तांगूर १७. जिम्भल १८. नाभा १९. कपिसा २०. उद्बत २१. सुहोत २२. प्रतोक २३. पहुत २४. चाचु २५. सिराय, चच — २५.

उत्तर प्राचीनकाल- १. चचका दासर २. आदित्य ३. भोज ४. दास ५. दुल्लभ ६. दुम्भिक ७. तामु ८. जेली ९. जीहड १०. सुस ११. भागु १२. राइमल १३. मरु १४. कीर्ति-मान १५. द्युतिमान १६. मरुतमान १७. सुदेव १८. श्रीदेव १९. जाव २०. नाभ— २० पुस्ता ।

कूल २१+२५+२०=६६

माध्यमिक काल- १. बडाराजा नागराज २. चाप ३. चापिल्ल ४. खराचल्ल ५. क्राधि-चल्ल ६. काशीचल्ल, श्रीचल्ल

७. श्रीचल्लका राजल्ल ८. भामल्ल ९. श्रीमल्ल, बरमल्ल १०. श्रीमल्लका श्रीचन बर्म्मा ११. कालु बर्म्मा, दाखुबर्म्मा, बागुबर्म्मा १२. बागुका चतुर बम्म १३. हरिताल बम्म १४. अजैपालबम्म १५. विजयपालबम्म १६. शक्तिबम्म १७. सारिन–बम्म १८. नरसिंहबम्म १९. नरपालबम्म २०. उदैबम्म २१. वीर–बम्म २२. धीरबम्म २३. संसारीबम्म २४. चन्द्रबम्म २५ इन्द्रबम्म २६. विशुद्धबम्म, विज्ञानबम्म, सारूबम्म, दशरथबम्म समेत २६ पुस्ता ।

उत्तर मध्यकाल– १. विशुद्धबम्मका वसन्तबम्म २. प्रीतिबम्म ३. सुरजितबम्म ४. सुदत्त बम्म ५. कालीबम्म ६ विशुद्धबम्म ७. विक्रमजितबम्म ८. हटिबम्म — ८ पुस्ता ।

१. हटिबम्मका नरिबम्म, रतिबम्म, बिर्छामबम्म, छुरीबम्म । २. नरि–बम्मका कालीबम्म खाती, रति सारिन, सारु खाती ।

२+८+२६+६६=१०२ पुस्ता ।

आधुनिककाल —

१०२+१. कालु खातीका सिगारुबम्म खाती २. हिर्त्तिम खाती, सुक्रिम खाती, साक्रम खाती र सुन्दरे खाती । छोरी सुनकेशरा — जुम्ला छिनासीमका राजा विक्रम शाहीको पटरानी ।[16]

१०३+३. सुक्रिम भनेका सिंहमल्लका — बझाङ डिलकोटिली दार्चुला हुति र पारूतर्फ रहन्छन् ।

१०३+३. साक्रम भनेका सिउमल खातीका हासीम खाती, कालीम खाती ।

१०४—४. कालीम खातीका नरिभान खाती । १०५. धिन्ना खाती १०६. माना खाती १०७. सुन्दर खाती, विजुम खाती १०८. विजुमका बरुन खाती, प्रताप खाती बम्म १०९. प्रतापका जैतुबम्म, हंसुबम्म, जसीबम्म ११०. जैतुका जिवाबम्म १११ पठानसिंहबम्म ११२. पुनिमलबम्म, शकुनिबम्म । शकुनिबम्मका जाजरकोट भीउसकोटतर्फ रहन्छन् । ११३. पुनि–मलका प्रीतिमल बम्म ११४. चन्द्रमल बम्म । थिपुर्ं । ११०. हंसु बम्मका हरिमल बम्म १११. जोरासिंह बम्म, मैतु बम्म, मैतु बम्मका सन्तान सुरखेत सिम्तादरा –दुपालाचौरतर्फ रहन्छन् थाप बोलिन्छन् ।

११२. जोरासिंहका भूपतिबम्म ११३. भीयाबम्म ११४. सिंहमल बम्म ११५. शक्तिबम्म, सुवीबम्म ।

बडाराजा नागराजदेखि छब्बीसौं पुस्ताका विशुद्धबम्मका सन्तानको लेखो सकियो । अब यस अगाडि दशरथ बम्मका सन्तानको लेखो गरिन्छ ।

| | | |
|---|---|---|
